*Ref.*

**गैरआवासीय नेपाली संघ**
**मासिक प्रतिवेदन - ४**
**जनवरी- २०२३**

**'नेपालीका लागि नेपाली'** भन्ने मुलमन्त्रलाई थप बलियो बनाई गैरआवासीय नेपाली संघको अभियानलाई प्रभावकारी बनाउन अभियान जारी छ । लामो समयदेखि संघले उठाउँदै आएका कतिपय मागहरु सम्बोधन भइसकेका छन् र अझै केही मागहरु सम्बोधन हुने क्रममा छन् ।

संघले नेपाल र नेपालीलाई समृद्ध बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यसै शिलशिलामा नवगठित सरकारसँग गैरआवासीय नेपाली संघका मुद्दाहरुबारे छलफल गरिएको छ । जनवरी महिनामा संघका अध्यक्षत्रय सहित केही पदाधिकारीसहितको प्रतिनिधिमण्डलले नेपाल सरकारका नवनियुक्त मन्त्रीज्यूहरुलाई संघका मुद्दा, माग र आवश्यक नीतिगत सुधार लगायतका सम्बन्धमा जानकारी गराउनुभयो । यस अवधिमा अन्य महत्वपूर्ण गतिविधि समेत सम्पन्न भएका छन् । उक्त गतिविधिको सारांश यहाँहरु समक्ष प्रस्तुत गर्दछौं ।

१) १ जनवरी २०२३ मा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको समुद्घाटन कार्यक्रममा संघका कार्यकारी अध्यक्ष रविना थापाको सहभागिता रह्यो । उक्त कार्यक्रमको समुद्घाटन सम्माननीय प्रधनमन्त्री पुष्प कमल दाहाल (प्रचण्ड)ले गर्नुभएको थियो । सोही दिन संघको आयोजनामा नव वर्षको शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा संघका पदाधिकारीहरु लगायत गैरआवासीय नेपाली अभियन्ताहरुको सहभागीता रह्यो ।

२) ४ जनवरी २०२३ मा पोखराको महेन्द्र पुलमा स्मार्ट शौचालय निर्माणको लागि गैरआवासीय नेपाली संघ र पोखरा महानगरपालिकाबीच सम्झौतापत्रमा हस्ताक्षर भयो । संघको तर्फबाट कार्यकारी अध्यक्ष रविना थापाले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो ।

३) ४ जनवरी २०२३ का दिन नेपाली सामाग्री प्रवर्द्धन समितिको आयोजनामा विश्व बजारमा नेपाली सामग्रीको आवश्यकता, चुनौती र सम्भावनाबारे ओसेनिया क्षेत्रका महामहिम राजदूत तथा अभियन्तासँग अन्तर्क्रिया सम्पन्न भयो । उक्त अन्तर्क्रिया भर्चुअल माध्यमबाट भएको थियो ।

४) ६ जनवरी २०२३ मा नेपाली सामाग्री प्रवर्द्धन समितिको आयोजनमा विश्व बजारमा नेपाली सामग्रीको आवश्यकता, चुनौती र सम्भावनाबारे अमेरिकाज् क्षेत्रका नेपाल सरकारका प्रतिनिधि तथा अभियन्तासँग अन्तक्रिया सम्पन्न भयो । उक्त अन्तर्क्रिया भर्चुअल माध्यमबाट भएको थियो ।

५) ७ जनवरी २०२३ मा संघको ८८ औं आइसीसी बैठक सम्पन्न भयो । मुख्यतया मेघा परियोजना लगायत संघका सरोकारका विषयमा छलफल गरियो र मेघा परियोजना अघि बढाउन आवश्यक निर्णय भयो ।

६) ८ जनवरी २०२३ मा प्रतिनिधिबीच, नेपालमा उत्पादित मौलिक हस्तकलाका सामाग्री विदेशमा निर्यात तथा प्रवर्द्धनका लागि अन्तर्क्रिया सम्पन्न भयो । कार्यक्रममा संघका अध्यक्ष डा बद्री केसी लगायतका संघका प्रतिनिधिहरुको सहभागीता रह्यो ।

७) १० जनवरी २०२३ मा एनआरएन नेपाल डेभलपमेण्ट फण्डको पहिलो साधारसभामा संघका अध्यक्षहरु लगायत पदाधिकारीहरुको उपस्थितिमा सम्पन्न भयो ।

८) १६ जनवरी २०२३ मा संघका अध्यक्षत्रयसहितको एक प्रतिनिधिमण्डलले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाललाई ज्ञापनपत्र बुझायो । सो अवसरमा नेपाल सरकारसहितको लगानी रहेको १० अर्बको लगानी कोष 'एनआरएन नेपाल डेभलप्मेन्ट फण्ड'लाई अघि बढाउन देखा परेका कानूनी र व्यवहारिक कठिनाई, एनआरएन ऐन लगायतका विषयमा छलफल भयो।

९) १७ जनवरी २०२३ मा संघका संघका अध्यक्षत्रयसहितको प्रतिनिधिमण्डलले अर्थमन्त्री विष्णु पौडेललाई भेटेर सफल कार्यकालको शुभकामना व्यक्त गर्दै संघको तर्फबाट ज्ञापनपत्र हस्तान्तरण गर्‍यो । भेटमा गैरआवासीय नेपालीहरुको लगानी अभिवृद्धि, डलर खाता सञ्चालनमा देखा परेका प्राविधिक समस्या, बहुसंख्यक नेपालीलाई नेपालसँग जोड्न र मुलुकलाई आर्थिक रुपमा समृद्ध बनाउन पूँजीसहित उनीहरुको ज्ञान, सीप र क्षमता भित्र्याउन नेपाल सरकारले चाल्नुपर्ने कदम लगायतका सम्बन्धमा छलफल भयो ।

१०) १८ जनवरी २०२३ मा संघका संघका अध्यक्षत्रयसहितको एक प्रतिनिधिमण्डल र उपप्रधानमन्त्री तथा उर्जा जलस्रोत तथा सिञ्चाई मन्त्री राजेन्द्र प्रसाद लिङ्देनबीच भेटवार्ता भयो । भेटमा गैरआवासीय नेपालीहरुको लगानीबारे छलफल भयो । सोही दिन उपप्रधानमन्त्री तथा गृह मन्त्री रवि लामिछानेसँग भेटघाट भयो । सो अवसरमा संघले हालसम्म गरिआएको काम,नेपाल सरकारको तर्फबाट सम्बोधन भई आएका विषय र आगामी दिनमा सरकारले गर्नुपर्ने नीतिगत र कानुनी सुधार सम्बन्धमा गृहमन्त्री लामिछानेलाई ज्ञापन पत्र बुझायो । भेटका क्रममा यूरोपेली केही मुलुकमा बढ्दो मानव तस्करी, गैरआवासीय नेपाली नागरिकता, विदेशमा रहेका नेपालीका समस्या लगायतका विषयमा छलफल भयो ।

११) १८ जनवरी २०२३ मा संघका अध्यक्षत्रयसहितको एक प्रतिनिधिमण्डलले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोल प्रसाद अर्याल सँग भेटघाट भयो । भेटमा मुख्यतया वैदेशिक रोजगार सामाजिक सुरक्षा कोष, वैदेशि रोजगारीका नाममा बढ्दो मानव बेचविखन र विश्व बजारमा रहेका नेपाली श्रमिक र तिनीहरुको समस्या लगायतका विषयमा छलफल भयो ।

१२) १८ जनवरी २०२३ मा संघका अध्यक्षत्रयले राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिमिल्सिनासँग भेटघाट भयो । उक्त भेटमा मुख्यतया गैरआवासीय नेपाली नागरिकता, एनआरएनए एकता लगायतका विषयमा छलफल भयो ।

१३) १९ जनवरी २०२३ मा संघका अध्यक्षत्रयसहितको एक प्रतिनिधिमण्डलको परराष्ट्रमन्त्री डा विमला राई पौडेलसँग भेटघाट गर्‍यो । उक्त भेटमा संघको तर्फबाट मुख्यतया, विदेशमा नेपालीहरुको उपस्थिति रहेका मुलुकमा नेपाली दूतावास तथा नियोग स्थापनाका लागि पहल गरिदिन आग्रह गरियो । सो अवसरमा गैरआवासीय नेपाली नागरिकता, एनआरएन ऐन, नेपालमा लगानी लगायतमा छलफल भयो । सोही दिन परराष्ट्र सचिव भरत राज पौड्यालसँग पनि भेटघाट भयो । उक्त भेटघाटमा गैरआवासीय नेपाली संघको विधान लगायत विषयमा छलफल भयो ।

१४) १९ जनवरी २०२३ मा संघका अध्यक्षहरु सहितको एक प्रतिनिधिमण्डलको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीसँग भेटघाट भयो । भेटमा संघको तर्फबाट विदेशबाट आउने नेपालीलाई नेपालभित्र हवाई यात्रा गर्दा नेपाली नागरिक सरहको भाडा कायम गर्न सरकारको ध्यानाकर्षण गराइयो ।

यस्तै विदेशमा रहेको डायस्पोरामार्फत नेपाली कला संस्कृति तथा पर्यटन प्रवर्द्धन लगायत सरोकारका विषयमा छलफल भयो ।

१५) २० जनवरी २०२३ मा संघका अध्यक्षहरु डा बद्री केसी र कुल आचार्य सहितको एक प्रतिनिधिमण्डलले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भवगती चौधरीसँग भेटघाट गर्‍यो । सो अवसरमा वैदेशिक रोजगारीका क्रममा विदेशमा रहेका विशेषतः घरेलु महिलाहरुले भोग्नुपरेको समस्या, विविध कारण विदेशका जेलमा रहेका महिलाका अवस्था लगायत वैदेशिक रोजगारीबाट नेपालमा फर्किएका नेपालीको पुर्नएकीकरणसहित, उनीहरुका लागि स्वरोजगारका योजना कार्यान्वयन लगायतका विषयमा छलफल भयो ।

१६) २० जनवरी २०२३ मा संघका अध्यक्षहरु सहितको एक प्रतिनिधिमण्डलले उद्योग वाणिज्य तथा आपूर्ती मन्त्री दामोदर भण्डारीसँग भेटघाट गर्‍यो । मुख्यतया गैरआवासीय नेपालीहरुको लगानी तथा व्यवसाय प्रवर्द्धनका विषयमा छलफल भयो ।

१७) २३ जनवरी २०२३ मा संघका अध्यक्ष डा बद्री केसी सहितको एक प्रतिनिधिमण्डलबीच स्वास्थ्य मन्त्री पदम गिरीसँग भेटघाट भयो । मुख्यतया संघले स्वदेश र विदेशमा रहेका स्वास्थ्य विज्ञबीच ज्ञान सीप र अनुभव आदानप्रदानको वातावरण निर्माणका लागि मन्त्री गिरीसँग आग्रह गर्‍यो ।

१८) गैरआवासीय नेपाली संघ (एनआरएनए) को महिला विभाग अन्तर्गतको महिला स्वास्थ्य तथा शिक्षा कार्यदलले आयोजना गरेको ‘स्वास्थ्य सचेतना र सल्लाह’ कार्यक्रममा अध्यक्षत्रय सहभागी भई आफ्नो धारणा राख्नुभयो ।

१९) २९ जनवरी २०२३ मा गैरआवासीय नेपाली संघको यूरोप क्षेत्रका राष्ट्रिय समन्वय परिषद्हरुको पहलमा आयोजित परराष्ट्रमन्त्री बिमला राई पौडेलसँगको अन्तरक्रिर्या कार्यक्रम सम्पन्न भयो ।

२०) ३० जनवरी २०२३ मा गैरआवासीय संघको मुख्य मुद्दामध्यको गैरआवासीय नेपाली नागरिकताका सवालमा अध्यक्षत्रयहरुद्वारा विभिन्न सञ्चारमाध्यममा संघको औपचारिक धारणा व्यक्त गर्नुभयो ।

२१) ३१ जनवरी २०२३ का दिन संघको आकस्मिक आइएस बैठक सम्पन्न भयो । बैठकमा मुख्यतया गैरआवासीय नेपाली नागरिकता तथा संघसंग सम्बन्धित विभिन्न मुद्दाहरुबारे छलफल भयो ।

| | | |
|---|---|---|
| कार्यकारी अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| रबिना थापा | डा. बद्री केसी | कुल आचार्य |